# नलगाड नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

दल्ली, जाजरकोट | कर्णाली प्रदेश, नेपाल

पत्र संख्या : २०८०/०८१

चलानी नं :

मिति : २०८१/०३/३१

**सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गराउने सम्बन्धमा अत्यन्त जरुरी सुचना !**

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नीयामावली २०७७ को दफा (४) अनुसार यस नलगाड नगरपालिका अन्तगर्त १३ वटै वडाहरुमा सामाजिक सुरक्षा भत्ता प्राप्त गरी रहनु भएका सम्पूर्ण लाभग्राहीहरुले चालु आ.व. २०८१/०८२ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नको लागि तोकिएको ढाँचामा सम्बन्धित वडा कार्यालयमा यही मिति २०८१ साल साउन १ गते देखी २०८१ साल भदौ मसान्त भित्र अनिवार्य रुपले आ-आफनो सक्कल प्रमाण पत्र सहित स्वयम उपस्थित भई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गर्नु हुन सम्बन्धित सवैमा जानकारीका लागि अनुरोध छ । साथै स्वयम उपस्थित हुन नसक्ने बालबालिका, पुर्ण अशक्त र ९० बर्ष भन्दा माथिका जेष्ठ नागरीकहरुको हकमा निजको आमा बाबु, संरक्षक माथवर, स्याहार-सुसार गर्ने व्यक्तिले निवेदन दिन सकिने छ ।

**नविकरणका लागि आवश्यक कागजातहरु:**

१.नेपाली नागरीकताको प्रतिलीपी १ प्रति,

२.पासपोर्ट साईजको १ प्रति फोटो,

३.विधुवा महिलाको हकमा पतिको मृत्यु दर्ताको प्रतिलिपी सहित अर्को विवाह नगरेको वडाको सिफारीस,

४.सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेको ६० बर्ष उमेर पुरा भएका एकल महिलाको हकमा सम्बन्ध विच्छेद दर्ता प्रमाणपत्रको प्रतिलिपी र अर्को विवाह नगरेको वडाको सिफारीस,

५.बालबालिकाको हकमा जन्मा दर्ताको प्रतिलिपी तथा संरक्षकको नागरीकता प्रमाणपत्रको प्रतिलिपी १ प्रती,

६.अशक्त भएका लाभग्राहीहरुको हकमा नगरपालिकाबाट जारी भएको परिचयपत्रको प्रतिलिपी र संरक्षकको नागरीकता,

नोटः तोकिएको समयमा नवीकरण नभएमा लाभग्राहीको सुची सिस्टमबाट स्वत लगत कट्टा हुनेछ । साथै यसरी नवीकरण हुन नसकी छुटेका लाभग्राहीहरुले पुन सुचिकृत हुन चाहेमा सामाजिक सुरक्षा ऐन २०७५ को दफा १२ बमोजिम निवेदन दिन सकिने छ र त्यो विचको भत्ता प्राप्त हुने छैन ।

**वोधार्थ:**

श्रीः १-१३ वडा कार्यालहरु सबै

दिनेश भट्टराई

प्रमुख प्रशासकीय अधिकृत

दिनेश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत